NEWS
THE CARTER CENTER
ONE COPENHILL ATLANTA, GA 30307

**तत्काल प्रकाशनका लागि**
**कार्तिक २४, २०७४**

**सम्पर्क:** एट्लान्टामा, सोइया एलिसन्, +97716924184; soyia.ellison@cartercenter.org
काठमाडौँमा, कार्लोस भेलेन्जुएला, +९७७१६९२४१८४; carlos.valenzuela@cartercenter.org

# कार्टर सेन्टरद्वारा नेपालमा निर्वाचन पर्यवेक्षण कार्यक्रम आरम्भ

काठमाडौँ, नेपाल – कार्टर सेन्टरले आउँदो मङ्सिर १० तथा २४ हुने प्रादेशिक तथा संसदीय निर्वाचन पर्यवेक्षण गर्नका लागि एक अन्तर्राष्ट्रिय पर्यवेक्षण कार्यक्रम आरम्भ गरेको छ ।

यस हप्ता फिल्ड अफिस निर्देशक कार्लोस भेलेन्जुएलाको नेतृत्वमा रहेको ५ विशेषज्ञको समूहमा अन्य १४ दीर्घकालीन पर्यवेक्षकहरू सामेल हुनेछन् । उक्त टोलीमा जम्मा १३ विभिन्न देशका पर्यवेक्षकहरूको प्रतिनिधित्व रहेको छ । पर्यवेक्षकहरूले निर्वाचन आयोग नेपाल, राजनीतिक दलहरू तथा उम्मेदवारहरू, नागरिक समाज सम्बद्ध सँस्थाहरू, स्थानीय पर्यवेक्षकहरू, अन्तर्राष्ट्रिय समुदाय तथा संचारमाध्यमका व्यक्तिहरू सँग नियमित सम्बन्ध स्थापना गर्नेछन् । उनीहरूले निर्वाचन व्यवस्थापन, प्रचारप्रसार, मतदाता शिक्षा तथा अन्य विषयसहित निर्वाचनका लागि तयारी र निर्वाचनपूर्वको वातावरणको पर्यवेक्षण गर्नेछन् ।

दिर्घकालिन पर्यवेक्षण समूहले मङ्सिर १० को प्रथम चरणको निर्वाचनको पर्यवेक्षण गर्नेछन् भने मङ्सिर २४ को दोस्रो चरणको निर्वाचनको समयमा निर्वाचन पर्यवेक्षकहरूको अझै वृहत् समूह सामेल भएर मतदान, मतगणना तथा परिणाम तलिका निर्माण प्रक्रियाको पर्यवेक्षण गर्नेछन् ।

कार्टर सेन्टरकी प्रमुख कार्यकारी अधिकारी तथा अवकाशप्राप्त राजदूत मेरी एन पिटर्सले भन्नुभयो, “नेपालमा कार्टर सेन्टरको लामो इतिहास रहेको छ र संविधान अंगीकरण पश्चात् पहिलो राष्ट्रियस्तरको निर्वाचनको समयमा हामी यहाँ उपस्थित हुन पाउँदा गौरवान्वित छौँ । निर्वाचन शान्तिपूर्ण हुनेछ तथा त्यसले नेपाली लोकतन्त्रलाई अझै सुदृढ बनाउनेछ भन्ने हामीलाई विश्वास छ ।”

नेपालको कानूनी संरचना र क्षेत्रिय तथा अन्तर्राष्ट्रिय सम्झौताहरू अनुरुप लोकतान्त्रिक निर्वाचनप्रति नेपालका प्रतिबद्धताहरूमा आधारित रहेर कार्टर सेन्टरले यी दुइ चरणका निर्वाचनको आँकलन गर्नेछ ।कार्टर सेन्टरले नेपालमा २०६४ तथा २०७० का संविधानसभाको निर्वाचनको पर्यवेक्षण गरिसकेको छ । कार्टर सेन्टरले यस अघि ३९ देशमा १०५ निर्वाचन अवलोकन गरिसकेको छ । कार्टर सेन्टरको अवलोकन कार्यक्रमहरू अन्तर्राष्ट्रिय निर्वाचन अवलोकन सिद्धान्त घोषणापत्र तथा अन्तर्राष्ट्रिय निर्वाचन अवलोकनकालागि आचार संहितामा आधारित हुन्छन् ।

###

**कार्टर सेन्टर**
“शान्ति स्थापना, रोगविरुद्ध संघर्ष, आशाको निर्माण ।”

लाभरहित उद्देश्यको गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकाशशील राष्ट्रका किसानहरूलाई अन्न उत्पादन बढाउन सिकाउँदै ८० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ । कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी पत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्य प्रवर्द्धन गर्न स्थापित भएको हो ।

कार्टर सेन्टरबारे थप जानकारिका लागि कृपया www.cartercenter.org मा जानुहोस् ।
ट्वीटर: *Twitter@CarterCenter*
फेसबुक: *Facebook.com/CarterCenter*
युट्युब: *YouTube.com/CarterCenter*
गुगल सर्कल: http://google.com/+CarterCenter